एकाघरका ६ जनाद्वारा मकालु आरोहण

सङ्खुवासभा *(ब्लाष्ट)* सङ्खुवासभाको मकालु गाउँपालिका-२ का एकाघरका ६ जनाले मकालु हिमाल आरोहण गरेका छन् ।

मकालु गाउँपालिका-२ का चार दाजुभाइ, एक बहिनी र एक छोरीले विश्वको पाँचौं अग्लो आठ हजार ४ सय ८५ मिटर अग्लो मकालु हिमाल चढेका हुन् । विश्व कीर्तिमानका लागि मकालु-२ का डिमा ओङ्जुक शेर्पाका चार छोरा, एक छोरी र एक नातिनीले गत वैशाख २६ मा मकालु हिमाल आरोहण गरेको आरोही दलका सदस्य मुक्टुक लाक्पा शेर्पाले जानकारी दिए । कीर्तिमानीका लागि मुक्कुट, उनका भाइहरू डिमा दोर्ची शेर्पा, आङ डी शेर्पा, पेछुम्वे शेर्पा, बहिनी पासाङ शेर्पा र उनकी भदैनी २३ वर्षीया एनिमा शेर्पाले एकसाथ चढेका हुन् । 'एउटै बुबाआमाका पाँच छोराछोरीसहित छ जनाले आरोहण गरेर कीर्तिमानी राख्ने हाम्रो परिवार पहिलो भएको छ' बहिनी पासाङ याङ्जीले दावीका साथ भनिन्, 'भदैनी २३ वर्षीया एनिमा मकालु हिमाल आरोहीमध्ये हालसम्मै कान्छी महिला भएको हाम्रो दावी छ ।'

एकैसाथ आरोहण गरेर कीर्तिमान राखेको भन्दै उक्त परिवारलाई मकालु गाउँपालिका, नेपाल पत्रकार महासङ्घ सङ्खुवासभा र शेर्पा सङ्घले सम्मानसमेत गरेको छ । *(रासस)*

दिव्य रोशनीले मनायो २१ औं स्थापना दिवस

धरान *(ब्लाष्ट)* महिला सम्पादक/प्रकाशक रहेको धरानको एकमात्रै साप्ताहिक दिव्य रोशनी साप्ताहिकले २१ औं स्थापना दिवस मनाएको छ ।

धरान उपमहानगरपालिकाको कार्यालयमा केक काटेर वार्षिकोत्सव मनाएको हो । वार्षिकोत्सव कार्यक्रममा तीनजना पत्रकारहरूलाई नगदसहितले सम्मानित गरिएको छ । सम्पादक/प्रकाशक मनिता चाम्लिङले आफ्नो बुबा क्वीन गोर्खा इन्जिनियरिङ सार्जन्ट स्वर्गीय प्रभुराम राईको नाममा स्थापित 'उत्कृष्ट सामाजिक पत्रकारिता सम्मान' बाट छापातर्फबाट *ब्लाष्ट* दैनिकका कार्यकारी सम्पादक भोजराज श्रेष्ठ, न्यू मिडियातर्फ गीता चाम्लिङलाई प्रदान गरिएको छ। यस्तै दिवङ्गत दाजु राजु राईको नाममा स्थापित युवा सिर्जनशील पत्रकारिता पुरस्कार नेपाल पत्रकार महासङ्घ सुनसरीका अध्यक्ष सन्तोष काफ्लेलाई प्रदान गरिएको छ । उनीहरूलाई जनही नगद पाँच हजार एक सय रुपैयाँले सम्मानित गरिएको दिव्य रोशनी साप्ताहिकका प्रबन्ध निर्देशक सागर सिँजाली मगरले बताए ।

कार्यक्रमका प्रमुख अतिथि धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राई (साम्पाङ) र सम्पादक/प्रकाशक मनिता चाम्लिङले संयुक्तरूपमा सम्मानित व्यक्तित्वहरूलाई सम्मान-पत्र र नगद प्रदान गरे । यस्तै व्यवस्थापकतर्फ पुराना पत्रकार डम्बर बुढाथोकी र ३२ वर्षदेखि पत्रिका बेच्दै आएका धरान-१७ निवासी कृष्णभक्त श्रेष्ठलाई खाद्यान्नलगायतका सामग्री प्रदान गरिएको छ । यस्तै एक महिला उद्यमीलाई पनि कदर-पत्रले सम्मानित गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि साम्पाङले पत्रकारितालाई आफूले सम्मान गर्ने बताए । उनले आफू सार्वजनिक व्यक्तित्व भएकाले आफूले गरेका राम्रा काम र नराम्रा कामहरूको विषयमा जस्ताको त्यस्तै बाहिर ल्याइदिनका लागि आग्रह गरे । उनले भने, 'म डेलिभर गर्ने स्थानमा छु, मैले गल्ती गरे भने आत्मालोचित हुन तयार छु । तर पत्रकार साथीहरूले सत्यतथ्य बाहिर ल्याइदिनुपर्छ। मैले गरेको गल्तीलाई पनि औंल्याइदिनुस् । राम्रा कामलाई पनि बाहिर ल्याइदिनुस् ।'

यस्तै सम्पादक/प्रकाशक मनिता चाम्लिङले पत्रकारहरू सत्यतथ्य लेखेर अगाडि बढ्नुपर्ने बताइन् । राज्यलाई झकझकाउने पेशामा भएकाले जे हो त्यही नै औंल्याएर पत्रकारहरू अगाडि बढ्नुपर्ने बताइन् । पत्रकारहरूले राम्रो नियतले काम गरिदिएमा धेरै कुरामा सुधार हुने बताइन् । तर पार्टीकारिताले पत्रकारितालाई तुच्छ बनाउँदै लगेको उनले बताइन् ।

धरानमा जेठ अन्तिम साता ब्याडमिन्टन प्रतियोगिता

धरान *(ब्लाष्ट)* भारतीय सेनाबाट अवकाशप्राप्तहरूले अनौपचारिक रूपमा गठन गरेको धरान ब्याडमिन्टन ग्रुपले धरानमा यही जेठको अन्तिम सातातिर ब्याडमिन्टन प्रतियोगिता गर्ने भएको छ ।

बुधबार पत्रकार सम्मेलन गरी आयोजक संस्थाका अध्यक्ष मनि चाम्लिङले ज्याइकिङमा नपरेका ब्याडमिन्टन खेलाडीहरूबीच प्रतियोगिता गराउन लागेको जनाएका हुन् । तीनवटा विधामा प्रतियोगिता गराउन लागेको उनले बताए । 'हामीले बी, सी र मिक्स गरी तीनवटा क्याटागोरीमा प्रतिस्पर्धा गराउँदै छौं'-उनले पत्रकार सम्मेलनमा भने । प्रतियोगिता जेठको २३ र २४ गते धरान-१३ अमरहाटस्थित बहुउद्देश्यीय कभर्ड हलमा आयोजना हुने भएको हो । प्रतियोगितामा मेन्स डबलतर्फ विजेताले नगद ५१ हजार रुपैयाँ, दोस्रोले नगद २७ हजार र तेस्रो हुनेले क्रमशः ९-९ हजार रुपैयाँसहित मेडल, ट्रफी र प्रमाण-पत्र प्राप्त गर्ने जनाइएको छ । यस्तै महिलाको मिक्स डबलतर्फ विजेताले नगद ३० हजार, दोस्रोले नगद १७ हजार र तेस्रोले क्रमशः पाँच-पाँच हजार रुपैयाँसहित मेडल, ट्रफी र प्रमाण-पत्र पाउने जनाइएको छ ।

यस्तै धरानस्तरीय 'सी' लेभलतर्फको विजेताले नगद १५ हजार, दोस्रोले नगद १० हजार तेस्रोले क्रमशः तीन-तीन हजार रुपैयाँसहित मेडल, ट्रफी र प्रमाण-पत्र पाउने जनाइएको छ। भारतीय सेनामा लामो समयसम्म कार्यरत रहेकाले नेपालमा आएर स्वास्थ्यका लागि खेलकुद भन्ने उद्देश्यले कार्यक्रम गर्न लागिएको कार्यक्रम संयोजक एवम् संस्थाका अध्यक्ष मनि चाम्लिङले बताए । प्रतियोगितामा १४ वटै जिल्लाका ज्याइकमा नपरेका खेलाडीहरू सहभागी हुन पाउने जनाएको छ । प्रतियोगिताका लागि जुनसुकै उमेर समूहलाई पनि खुल्ला गरिएको जनाइएको छ ।

सेवा सुविधाबारे अन्तरक्रिया

धनकुटा *(ब्लाष्ट)* कर्मचारी सञ्चय कोष सेवा केन्द्र धनकुटाले प्रदेश, स्थानीय तथा सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरूलाई आफ्नो कार्यालयले दिने सेवा सुविधाको बारेमा जानकारी गराउने उद्देश्यले मंगलवार पाखीवासमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ ।

कर्मचारी सञ्चयकोष धनकुटाले योगदानमा आधारित योजना कोषमा आबद्ध गर्न तथा कोषले प्रदान गर्ने सेवा सुविधा सम्बन्धी जानकारी दिने उद्देश्यले एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो । अन्तरक्रिया कार्यक्रममा कर्मचारी सञ्चयकोष सेवा कार्यालय धनकुटाका प्रमुख दीपकमणि रिसालले प्रदेश, स्थानीय निकाय तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई योगदानमा आधारित योजनामा कोषमा आबद्ध गर्न तथा कोषले प्रदान गर्ने सेवा सुविधासम्बन्धी जानकारी दिन कार्यपत्र प्रस्तुत गरेका थिए ।

उक्त अन्तरक्रिया कार्यक्रममा कर्मचारीहरूबाट आएका विभिन्न जिज्ञासामा कार्यालय प्रमुख दीपक मणि रिसालले प्रतिउत्तर दिएका थिए । अन्तरक्रिया कार्यक्रममा सहभागीहरू पाखीबास नगरपालिकाका प्रमुख प्रमुख ज्ञानबहादुर गुरुङले धन्यवाद ज्ञापन गरेका थिए । प्रमुख गुरुङको अध्यक्षतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा उपप्रमुख नम्रता गौतम, प्रमुख प्रशासकीय अधिकृत विज्ञान कोइरालाको समेत उपस्थिति रहेको थियो । सो अवसरमा कर्मचारी सञ्चय कोष सेवाकेन्द्र धनकुटाका सहायक प्रबन्धक मोहन काफ्लेले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

निक्षेप रकम उपर हकदाबी गर्न आउने ३५ दिने सूचना

लक्ष्मण लिम्बुको नाति, हर्क मान लिम्बुको छोरा कोशी प्रदेश तेह्रथुम जिल्ला खाम्लालुङ गा.वि.स. वडा नं. ८, आठराई बस्ने देबी बहादुर लिम्बु (ना.प्र.प.नं. ४५७/११३७, जि.प्र.का. तेह्रथुमबाट मिति २०४६/१०/१६ मा जारी) को यस म्याङ्गलुङ्ग शाखामा खाता नं. २२५१५२४५५०००३३ र २२५१५२४५५०००३४ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८०-१०-२० मा निज खातावाला देबी बहादुर लिम्बुको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने मोहन प्रसाद चङवाङ लिम्बुले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक देबी बहादुर लिम्बुको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिनु नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको म्याङ्गलुङ्ग शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

म्याङ्गलुङ्ग शाखा, तेह्रथुम
फोन नम्बर: ०२६-४६०७४३
फ्याक्स:- ०२६४६०७४४

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
पर्यटन कार्यालय
काँकरभिट्टा -(नेपाल)

कोशी प्रदेश पर्यटन वर्ष २०८२

प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्ने बारेको सूचना

प्रस्तुत बिषयमा "कोशी प्रदेश पर्यटन बर्ष २०८२" को कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०८१ अनुसार तपशिल बमोजिमका कार्यक्रमको लागि सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहितको) नियम ७२ र ७३ बमोजिम निम्नानुसारको शर्तमा रही प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने प्रयोजनका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले १५औं दिनको १:०० बजेभित्र प्रस्ताव पेश गर्नु पर्नेछ । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट सोही समय भित्र पेश गर्नु पर्नेछ ।
तपशिल:-

क्र.सं.	विवरण	कार्य सम्पन्न गर्नुपर्ने अवधी	कार्यक्षेत्र	रकम (मु.अ. कर सहित)	कै.
१.	कोशी प्रदेशमा सञ्चालित होमस्टे (घरवास) हरुको तथ्याङ्क अभिलेखिकिरण र सूचना सहितको पुस्तिका प्रकाशन	असार १५ भित्र	कोशी प्रदेशका १४ जिल्ला	१२,००,०००/-	

प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्दा खुलाउनु पर्ने कुराहरु:
- कार्यक्रम सञ्चालन विस्तृत विधि र कार्ययोजना (तोकिएको ढाँचामा)।
- प्रस्तावित कार्यक्रमसँग सम्बन्धित विगतका अनुभव भए खुलाउनुहोस ।
- प्रस्तावित कार्यक्रम सञ्चालन मौजुदा उपकरण र सामाग्रीको विवरण ।
- प्रस्ताव पेश गर्ने निकायले सवकन्ट्र्याक्टमा कार्य गर्न पाउने छैन।
- तयार भएको प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खामबन्दी गरि कार्यालयमा पेश गर्नु पर्ने छ । आर्थिक प्रस्ताव पेश गर्दा कबाल रकम अंक र अक्षरमा समेत खुलाउनु पर्नेछ ।
- प्रस्ताव पेश गर्दा प्रस्तावको विषय, प्रस्ताव पेश गर्नेको नाम र प्रस्ताव पेश गरिएको कार्यालयको नाम सिलबन्दि खाम बाहिर प्रष्ट लेख्नु पर्नेछ, अन्यथा मान्य हुने छैन।
- प्राविधिक प्रस्तावको खाम भित्र मूल्य वा आर्थिक प्रस्तावको कुनै पनि कुरा दर्शाउने व्यहोरा उल्लेख गर्न पाइने छैन ।
- उपरोक्त बमोजिम पर्न आएको प्राविधिक प्रस्तावको मूल्यांकन भार ८० प्रतिशत र आर्थिक प्रस्तावको मूल्यांकन भार २० प्रतिशत कायम गरिएको छ।
- प्रस्ताव पेश गर्नु अघि प्रस्ताव पेश गर्ने निकायको लिखित निर्णय र प्रतिवद्धता पत्र पेश गर्नु पर्ने छ।
- प्रस्ताव चालु आ.ब.को आषाढ मसान्त सम्म मात्र मान्य हुनेछ।
- प्रस्ताव पेश गर्ने निकायले प्रचलित कानुन अनुसार (BID) विड गरेको अंकमा लाग्ने सवै करहरु कट्टी गरेर मात्र भुक्तानी पाईनेछ।
- प्रस्ताव पेश गर्दा सरकारी भाषाको प्रयोग गर्नु पर्ने छ।
- यस कार्यालयबाट प्रस्ताव स्वीकृत भए पछि कानून बाहेकको परिस्थीति वा प्रचलित कानूनको खिलाप हुने देखिएमा बाहेक संशोधन गरिने छैन।
- प्रस्ताव पेश गर्दा पर्यटन कार्यालय काँकरभिट्टा, झापाको प्रशासन शाखामा पेश गर्न सकिने छ।
- पेश भएका प्रस्तावहरु १६ औं दिनमा नियमानुसार खोलि निर्णयार्थ पेश गरिनेछ । स्वीकृत वा अस्वीकृतको जानकारी सम्बन्धित प्रस्तावदातालाई गराईने छ।
- तथ्याङ्क सङ्कलन गर्दा वा सरकारी निकायसँग सम्बन्धित बिषयहरुमा गोपनियता राख्नुपर्ने कुराहरु र व्यवसायीक र व्यक्तिगत स्वतन्त्रतामा आँच आउने गतिविधि भए गरेको पाईएमा प्रचलित कानून बमोजिम हुनेछ।
- प्राविधिक र आर्थिक प्रस्ताव फारामको नमुना यस कार्यालयबाट प्राप्त गर्न सकिने छ।

थप जानकारीको लागि:- ०२३-५६६०३५, ९८५२६६२०३५

भन्सार छलीको सामान बरामद

धरान *(ब्लाष्ट)* भन्सार छली गरी अवैधरूपमा भारतबाट भित्र्याइएको अन्दाजी दुई लाख ५० हजार मूल्य बराबरको सामानसहित झापा प्रहरीले मङ्गलबार दिउँसोतिर ट्याक्टर नियन्त्रणमा लिएको छ ।

झापा जिल्लाको झापा गाउँपालिका-१ बाट चेकजाँचको क्रममा ५० केजी तौल भएको काँक्राको बिउ ५० बोरा बरामद गरेको हो । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार उक्त काँक्राको बिउको अन्दाजी मूल्य २ लाख ५० हजार रुपैयाँ कायम गरिएको छ । यस्तै ट्याक्टरको अन्दाजी मूल्य पाँच लाख गरी कुल ७ लाख ५० हजार मूल्य बराबरको सामान र ट्याक्टर नियन्त्रणमा लिई मेची भन्सार कार्यालय काँकरभिट्टालाई बुझाइएको छ । ट्याक्टरका चालकको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ । प्रहरीले ट्याक्टरको नम्बर खुलाएको छैन ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय धरान,सुनसरी
(मुद्धा, प्रशासन फाँट)

छुट जग्गा दर्ता नामसारी सम्बन्धी ३५ दिने सूचना

जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं. २० मनजित तामाङको नाती, धन बहादुर तामाङको छोरा बुद्धिमान तामाङ (ना.प्र.नं. ३५९१क/१२०४, २०३५/५/२८, सुनसरी) ले बाबु धन बहादुर तामाङको नाममा फिल्डबुकमा २०२७ सालमा नाप नक्सा भइ दर्ता हुन छुट भएको साविक घोपा ८छ कि.नं ७९ ज.बि. ०-३-१५-० को जग्गा म निवेदकको नाममा दर्ता नामसारी गरि ज.ध. पुर्जा पाउँ भनि निवेदन पेश गर्नु भएको । निवेदकको बाबु (ज.ध.) धन बहादुर तामाङको मिति २०३५/१/३ मा र आमा लामा तामाङनीको मिति २०५४/६/५ मा मृत्यु भएको । निजहरुबाट १ छोरा बुद्धिमान तामाङको जायजान्म भएकोले हाल हक खाने हकवालाहरुमा म मृतक ज.ध. को छोरा बुद्धिमान तामाङ मात्र भएकोले मेरो नाममा दर्ता नामसारी गरि ज.ध. पुर्जा पाउँ भनि माग निवेदन दिनु भएकोले निज निवेदक बाहेक अन्य हकदारहरु तथा निवेदकहरुको हक भोग रहे नरहेको, निज निवेदकहरुले जिवित छदा ज.ध.को पालन पोषण, औषधी उपचार र मृत्यु पछि काजकिरिया गरेनगरेको निज निवेदकहरुको माग बमोजिम दर्ता नहुनु पर्ने भए वा अरु कोही कसैको हक लाग्ने जग्गा भए प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन (बाटोको म्याद बाहेक) भित्र दावी उजुर गर्न आउन होला अन्यथा निवेदकहरुको मागदावी अनुसार कानुन बमोजिम आवश्यक काम कारवाही भै जाने व्यहोरा जानकारी गराइन्छ ।

आजको राशिफल

ज्यो.पं: मोहन घिमिरे
मो.नं: ९८१०४२५२५१

श्री शालवाहनीय शाके १९४६ ने.सं. ११४५ वि.सं. २०८२ साल जेठ ८ गते बिहीबार, २२ मे २०२५, सिद्धार्थीनाम संवत्सर। ज्येष्ठ कृष्णपक्षको दशमी तिथि २०:५१ बजेसम्म, उप्रान्त एकादशी, नक्षत्र पूर्वभाद्र १३:५७ बजेसम्म, उप्रान्त उत्तरभाद्र, चन्द्रमा राशि कुम्भ, सूर्योदय ०५:१४ बजे र सूर्यास्त ०६:४९ बजे हुनेछ ।

मेष (चु, चे, चो, ला, लि, लु, द, ले, लो, अ)
नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्याङ्कन हुनेछ।

वृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। व्यापारमा राम्रै नाफा उठाउन सकिनेछ । छोटो समयमै काम बनाउन सकिनेछ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)
नयाँ कामतर्फ अग्रसर भइनेछ। आम्दानी बढ्नाले जीवनशैलीमा पनि परिवर्तन आउन सक्छ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
समाजले पदीय जिम्मेवारी दिलाउनेछ। नसोचेको अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ। भाग्यले विभिन्न अवसर दिलाउनेछ । काम देखाएर फाइदा लिने समय छ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)
शुभचिन्तकहरूको साथले पहिलेको चुनौती समाप्त होला। मिहिनेतले दाम, इनाम र हातपार्न सफल भइनेछ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)
परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ । अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला ।

वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। समयअनुसार चल्न नसक्ता अलि दुख पाइनेछ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)
भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ।प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनु पर्ला।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)
परिबन्दले अलि अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। तापनि चुनौतीभित्र अवसर खोज्ने समय छ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)
प्रयत्न गर्दा नसोचेको उपलब्धि पनि प्राप्त हुनसक्छ। तर कामकै लागि दौडधुप गर्नुपर्ने समय छ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)
स्वास्थ्य कमजोर रहनेछ, आहारविहारमा सजग रहनुहोला। व्यापार-व्यवसायमा सोचेअनुरुप लाभ हुनेछैन ।